**बैठक संख्या: ३**

आज मिति २०८१।०६।१३ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुंवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

Scanned with CamScanner

बैठक मिति :२०८१।०६।१३

<u>निर्णयहरु</u> :

१. वडा दशैं, तिहार र छठ पर्वको शुभकामना आदान प्रदान सम्वन्धमा।

आउँदै गरेका नेपालीहरुका महान चाड वडादशैं, शुभदीपावली, तिहार तथा छठ पर्व-२०८१ को अवसरमा कार्यपालिका सदस्यहरुद्वारा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुको सु:ख, स्वास्थ्य र दिर्घायुको कामना सहित एक आपसमा शुभकामना शुभकामना आदान प्रदान कार्यक्रम गरियो।

२. विभिन्न कार्यविधिहरु सम्वन्धमा।

विधेयक समितिबाट सिफारिस भई आएका देहायबमोजिमका कार्यविधिहरु स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :-

- संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०८१
- मेयर तथा उपमेयर उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ती कार्यान्वयन कार्यविधि,२०८१

३. नगर युवा परिषद्को सदस्य मनोनयन सम्वन्धमा।

शिवराज नगरपालिकाको नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० को दफा ५(१) को (ण) बमोजिम यस नगरपालिका अन्तर्गत नगर युवा परिषद्को सदस्य पदमा देहायबमोजिमका व्यक्तिहरुलाई मनोनीत गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :-

श्री पवित्रा वि.क.- न्यु इरा युथ युनिटी युवा क्लव, शिवराज-५ नौडिहवा कपिलवस्तु।

श्री मोहन पौडेल- खरेन्द्रपुर युवा क्लव, शिवराज-३ कपिलवस्तु।

४. नगर प्रहरी औषधि उपचार खर्च रकम भुक्तानी सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत करार सेवामा नगर प्रहरी जवान पदमा कार्यरत सुनिल कोरीको कार्यालयको कामकाजको सिलसिलामा मिति २०८१/०४/२९ गतेका दिन विद्युत अनियन्त्रीत भई दुर्घटना भएको र निजको दाहिने खुट्टाको बुढी औंला काटी उपचार समेत गरिएको हुँदा निजको औषधी उपचार खर्च वापत चौराहा हस्पिटल प्रा.ली.,बुटवल रुपन्देहीलाई भुक्तानी दिनुपर्ने बिल भरपाई बमोजिमको रकम रु.४९,८६५/- चालु आ.व.२०८१/८२ को चालु तथा प्रशासनीक तर्फ उद्धार, राहत तथा पुर्नःस्थापना शिर्षकबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो।

५. छाडा पशु चौपाया व्यवस्थापन सम्वन्धमा।

नगर क्षेत्र भित्र रहेका छाडा पशु चौपाया व्यवस्थापन कार्य अन्तर्गत छाडा चौपायाहरुको पालन पोषण तथा औषधी उपचारको लागि मिति २०८१/०५/३० गतेको नगर कार्यपालिका बैठकबाट प्रतिगोटा पशु मासिक रु.८,००/- दररेट निर्धारण गरिएकोमा छाडा चौपाया व्यवस्थापन कार्य गरिरहेको संस्थाबाट उक्त दररेटमा पशु चौपाया व्यवस्थापन कार्य गर्न नसकिने भएकोले दररेट पुनरावलोकन गरिदिनु हुन भनि लिखित निवेदन पेश भई आएको र उक्त कार्यको सम्झौता समेत हुन नसकेको हुँदा छाडा चौपाया

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजेय थापा
नगर प्रमुख

व्यवस्थापन कार्यका लागि प्रतिगोटा पशु मासिक रु.१,०००/- दररेट निर्धारण छाडा चौपाया व्यवस्थापन कार्य गर्ने गराउने निर्णय गरियो।

**६. नगरपालिकामा ट्रस सहितको पूर्वाधार निर्माण सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको प्रशासकीय भवनमा कार्य सम्पादनको लागि प्रयास स्थान तथा कार्यकक्ष नहुँदा नगरपालिकाका विभिन्न शाखा/उप-शाखाहरु भाडाको भवनबाट संचालनरत रहेको साथै चालु आ.व.२०८१/८२ को नगर स्तरीय योजना/कार्यक्रम अन्तर्गत नगरपालिका प्रशासकीय भवनमा सेवा प्रवाह सहजताका लागि ट्रस सहितका पूर्वाधार निर्माण शिर्षकमा रु.२१ लाख बजेट समेत विनियोजन भएकोमा विनियोजित बजेटबाट नगरपालिकाका सवै शाखा/उपशाखाहरुलाई एकै स्थानबाट एकिकृत सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार निर्माण गर्न विनियोजित बजेट अपुग हुने देखिएको हुँदा नपुग हुने रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्ने गरी आवश्यक पूर्वाधार निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

**७. बसपार्क तथा हाटबजार निर्माणको लागि ऋण अनुदान माग गर्ने सम्वन्धमा।**

यस नगरपालिका क्षेत्रमा व्यवस्थित बसपार्क तथा हाटबजार निर्माण कार्य गर्नुपर्ने अति जरुरी रहेको तर उल्लेखित योजना निर्माणको लागि नगरपालिकासँग प्रयास श्रोत साधन नभएकोले उल्लेखित आयोजनाहरु निर्माण कार्य गर्न प्रचलित कानून अनुसार नगर विकास कोषमा ऋण अनुदान माग गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner